# सिलीचोङ गाउँपालिका
# लैङ्गिक हिंसा निवारण ऐन, २०८३

सभाबाट पारित मितिः २०८३/०३/१०
प्रमाणीकरण मितिः२०८३/०३/१८
राजपत्रमा प्रकाशन मितिः २०८३/०३/२२

## लैङ्गिक हिंसा निवारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** लैङ्गिक हिंसा निवारण गर्नका लागि विविध कार्यक्रम सञ्चालन एवम् लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी प्रभावितहरुलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, अल्पकालीन आवास, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैंगिंक समानताका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सिलीचोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लैङ्गिक हिंसा निवारण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

९क० **"कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिका कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

९ख० **"केन्द्र"** भन्नाले ऐनको दफा ३ बमोजिम सञ्चालित पुनर्स्थापना केन्द्रलाई सम्झनु पर्दछ र यो शब्दले पीडितहरुको उद्धार, संरक्षण, हेरचाह तथा पुनर्लाभ गर्ने उद्देश्यले सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएका विभिन्न आवधिक गृहहरु समेतलाई जनाउनेछ।

९ग० **"कोष"** भन्नाले दफा २५ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ।

९घ० **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तरगत बन्ने नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्दछ र सो शब्दले यस ऐन बमोजिम कार्यपालिकाले तोकेको समेतलाई जनाउनेछ।

९ङ० **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका लाई सम्झनु पर्दछ।

९च० **“पीडित”** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार एवम् वैवाहिक बलात्कार, जबरजस्ती करणीबाट गर्भधारण, यातना, परम्परागत प्रचलनको नाममा महिला तथा बालिका माथि दुर्व्यवहार, श्रीमान् वा श्रीमान्का नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसंग सम्बन्धित हिंसा, कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार, मानव अंगको किनवेच एवम् जबरजस्ती रुपमा गरिने देह व्यापार, बालविवाह, बालश्रम, घरेलुहिंसा आदिबाट पीडित तथा प्रभावितलाई सम्झनु पर्दछ।

९छ० **“लैङ्गिक हिंसा”** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लिङ्गका आधारमा हुने हिंसा सम्झनु पर्दछ।

९ज० **“समिति”** भन्नाले दफा १५ बमोजिमको समिति सम्झनु पर्दछ।

## परिच्छेद - २

## पुनर्स्थापना केन्द्र, आवास गृह सञ्चालन तथा व्यवस्थापन

३. **पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह सञ्चालन गर्न सक्ने** : (१) पीडितलाई तत्काल उद्धार गरी सुरक्षित रूपमा राख्नका लागि यस ऐन बमोजिम गाउँपालिका आफैले वा साझेदार संघ संस्थाको सहयोगमा पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्र वा सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन गर्न कुनै संघसंस्था छनौट गर्दा देहाय बमोजिमका संस्थाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(क) महिला र बालबालिकासँग सम्बन्धित काम गर्ने संस्था,

(ख) हिंसा पीडित महिला तथा बालबालिकाहरुको उद्धार तथा पुनर्स्थापनामा काम गर्ने संस्था,

(ग) मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि केन्द्र वा सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन गर्न उपदफा (२) बमोजिमका कुनै संघसंस्था उपलब्ध नभएमा वा त्यस्ता संस्थाले नचाहेको अवस्थामा अन्य संघसंस्थालाई सञ्चालन तथा व्यवस्थापन गर्न दिन वाधा पुगेको मानिने छैन।

(४) उपदफा (१) बमोजिम गाउँपालिका आफैले पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह सञ्चालन गर्दा कार्यपालिकाले संचालन व्यवस्थापन सम्बन्धी कार्यविधि बनाइ सोही बमोजिम गर्नु गराउनु पर्नेछ।

(५) पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ।

४. **पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह सूचिकृत गर्नु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्र स्थापना, सञ्चालन र व्यवस्थापन गरिएको पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह गाउँपालिकामा सूचिकृत गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु पूर्व सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्र गाउँपालिकामा सूचिकृत भई सक्नु पर्नेछ।

(३) दफा ३ को बमोजिमको पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह केन्द्र गाउँपालिका आफैँले चलाउने भएमा समेत यस दफा बमोजिम गाउँपालिकामा सूचिकृत गर्नु पर्नेछ।

(४) पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह सूचिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **<u>सुरक्षित आवास गृह सेवा उपलब्ध गराइने अवधि</u>** : (१) सामान्य अवस्थामा एकजना सेवाग्राहीलाई बढिमा पन्ध्र (१५) दिनसम्म सेवा उपलब्ध गराइने छ।

(२) उपदफा (१) बमोजिमको अवधिमा समितिले सेवाका लागि सिफारिस गर्ने निकायसँगको सहकार्यमा निजको सामाजिक पुनः एकीकरणका लागि सहजीकरण गर्नु पर्नेछ।

(३) कुनै सेवाग्राहीलाई उपदफा (१) बमोजिमको अवधि भन्दा लामो अवधि केन्द्र वा सुरक्षित आवास गृह सेवा आवश्यक रहेको भन्ने समितिलाई लागेमा सेवा प्रदान गर्ने सेवा प्रदायकहरुसँगको सहकार्यमा अवधि थप गर्न सकिनेछ।

६. **<u>सुरक्षित आवास गृह सेवाका लाभग्राहीहरु</u>** : (१) केन्द्र वा सुरक्षित आवासबाट देहाय अनुसारका व्यक्तिले सेवा लिन सक्नेछन:

(क) लैगिंक हिंसाबाट प्रभावित महिला, बालिका तथा किशोरीहरु,

(ख) असहाय र अलपत्र अवस्थामा फेला परी प्रहरीबाट सिफारिश गरिएका महिला, किशोरी तथा बालिकाहरु,

(ग) प्रहरीमा उजुरी गर्न आएको र तत्काल घर फर्केर जान नसक्ने अवस्थामा रहेका महिला, किशोरी तथा बालिकाहरु,

(घ) स्थानीय तहले संरक्षणका लागि सिफारिस गरी पठाएको महिला, किशोरी तथा बालिकाहरु,

(ङ) सेवाग्राहीका आश्रित बच्चाहरु।

स्पष्टिकरण: आश्रित बच्चा भन्नाले सेवाग्राहीको साथमा रहेको १० वर्षसम्म उमेरको बच्चालाई जनाउनेछ।

(२) पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृहका लाभग्राही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **<u>सुरक्षित आवास गृह सेवा प्राप्त गर्न नसक्ने</u>** : (१) केन्द्र वा सुरक्षित आवासबाट देहाय अनुसारका व्यक्तिले सेवा लिन सक्ने छैनन्;-

(क) मानसिक असन्तुलन भएका व्यक्तिहरु,

(ख) अस्पतालमा भर्ना गरेर उपचारमा बस्नु पर्ने गम्भिर शारीरिक समस्या भएका व्यक्तिहरु,

(ग) वृद्धा आश्रममा बस्नुपर्ने अवस्थामा रहेका महिलाहरु।

तर आश्रममा बस्ने व्यवस्था मिलाउने क्रममा केही दिनका लागि सेवा उपलब्ध गराउनु परेमा समितिको निर्णय र आश्रम व्यवस्थापनको जिम्मेवारी पाएको आधिकारिक निकायको अनुरोधमा अल्पकालिन सेवा उपलब्ध गराउन सकिनेछ।

८. **केन्द्र तथा सुरक्षित आवासको न्यूनतम पूर्वाधार** : (१) केन्द्र वा सुरक्षित आवासको न्यूनतम पूर्वाधार देहाय बमोजिमको हुनु पर्नेछ:

(क) अलग्गै भान्सा कोठा,

(ख) अलग्गै खाना खाने स्थान,

(ग) रेडियो तथा टि.भि. भएको मनोरञ्जन तथा छलफल गर्ने स्थान / कोठा,

(घ) बालबालिकाका लागि केही खेल्ने सामाग्री,

(ङ) अभिलेखहरु सुरक्षित रुपमा राख्ने व्यवस्था भएको कार्यालय कक्ष,

(च) सेवाग्राहीहरु सुत्ने बेग्ला बेग्लै खाट,

(छ) सबै स्थान तथा कोठाहरुमा बत्तीको राम्रो व्यवस्था भएको,

(ज) सेवाग्राहीलाई प्रयोग गर्न सहज र सजिलो हुने खालको शौचालय तथा स्नान घर,

(झ) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको,

(ञ) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान,

(ट) नुवाई-धुवाई तथा सरसफाईका लागि सामाग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी इत्यादी,

(ठ) अग्नि नियन्त्रण उपकरण,

(ड) सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा,

(ढ) प्राथमिक उपचार बाकस,

(ण) सुरक्षित आवास गृह व्यवस्थापक वा तोकिएको अन्य कर्मचारीको निगरानीमा रहने गरी टेलीफोनको व्यवस्था,

(त) कर्मचारीहरुका लागि छुट्टै बस्ने र सुत्ने कोठा।

(२) पुनर्स्थापना केन्द्र वा सुरक्षित आवासको न्यूनतम मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **केन्द्र वा सुरक्षित आवास गृहमा खाना व्यवस्था** : (१) सामान्य अवस्थामा सुरक्षित आवास गृहमा दैनिक खाने कुराको व्यवस्थापन समितिले तोके बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खानाको व्यवस्था सुरक्षित आवास गृहभित्रै वा बाहिरको भोजनालयबाट व्यवस्था गर्न सकिनेछ।

(३) यस दफा बमोजिम उपलब्ध गराइने खानाको मात्रा र गुणस्तर लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **केन्द्र वा सुरक्षित आवास गृहमा उपलब्ध गराउनु पर्ने अन्य सामग्री** : (१) सुरक्षित आवास गृहमा आएका सेवाग्राहीहरुलाई तोकिए बमोजिम दैनिक सरसफाइ लगायत उपभोगका सामग्रीहरू उपलब्ध गराउनु पर्नेछ।

(२) यस दफा बमोजिमको सेवाहरुमा हिंसा प्रभावित महिलाहरुको सहज पहुँचका लागि समितिले सेवा प्रदायकहरुको नक्सांकन गरी सो सेवा प्रदायकहरुसँग समन्वय एवम् सहकार्यका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) केन्द्र वा सुरक्षित आवास गृहमा उपलब्ध गराउनु पर्ने अन्य सामग्री सम्बन्धी व्यवस्था तोकिए बामोजिम हुनेछ ।

११. **केन्द्र वा सुरक्षित आवास गृहका लागि न्यूनतम मानव स्रोत** : (१) सुरक्षित आवास गृह सेवा सञ्चालनका लागि न्यूनतम देहाय अनुसारको मानव स्रोतको व्यवस्था एवम् परिचालन गर्नु पर्नेछ :

(क) सुरक्षा गार्ड एक जना (पूर्ण कालीन कर्मचारी)

(ख) भान्सा एवं सरसफाइकर्मी एक जना

(ग) मनोविमर्शकर्ता एक जना

(घ) व्यवस्थापक एक जना ( पूर्ण कालीन कर्मचारी)

(२) सुरक्षित आवास गृह सेवा सञ्चालनका लागि पूर्णकालीन र आवश्यकता अनुसार आंशिक कर्मचारीहरु समेत व्यवस्था गर्न सकिनेछ।

(३) केन्द्र तथा सुरक्षित आवास गृहका लागि मानव स्रोत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **सेवा सञ्चालन आचार संहिता** : (१) केन्द्र वा सुरक्षित आवास गृह सेवा सञ्चालनको न्यूनतम आचार संहिता देहाय बमोजिम हुनेछ:

(क) सेवाग्राहीलाई ममतामय, सहानुभुतिपूर्ण एवम् सम्मानजनक व्यवहार गर्नु पर्ने,

(ख) सेवाग्राहीको पहिचान एवम् वैयक्तिक गोपनियता सम्बन्धी अन्य कुराहरुको गोप्यता कायम राख्ने,

(ग) सुरक्षित आवास गृह सेवा स्थलभित्र महिला कर्मचारीहरु मात्र परिचालन गर्नु पर्ने,

(घ) सेवाग्राही बाहेक अन्य कुनै पनि व्यक्तिलाई सुरक्षित आवास गृहभित्र प्रवेश अनुमति नदिने,

(ङ) केन्द्र वा सुरक्षित आवास गृहमा कुनै प्रकारको भेटघाट तथा छलफल गर्न गराउन नहुने,

(च) सेवाग्राहीलाई कुनै पनि किसिमको अप्ठ्यारो नहुने गरी स्थानीय तह वा राज्यका अन्य सम्बन्धित निकायबाट अनुगमन एवं सुपरिवेक्षण हुन सक्ने व्यवस्था मिलाउने।

(२) केन्द्र तथा सुरक्षित आवास गृहका लागि आचार संहिता र आचार संहिताको अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **सेवा प्रवाहको अभिलेख** : (१) केन्द्र वा सुरक्षित आवास गृह सेवा प्रवाहको अभिलेख देहायका सूचना खुल्ने गरी राख्नु पर्ने दायित्व व्यवस्थापकको जिम्मेवारी पाएको व्यक्ति वा निकायको हुनेछ:

(क) सेवाग्राही दर्ता किताब,

(ख) सेवाग्राहीको व्यक्तिको दैनिक हाजिरी किताब,

(ग) सेवाग्राहीको व्यक्तिगत गोप्य फायल जसमा सेवाग्राहीको सबै व्यक्तिगत परिचयात्मक विवरण, समस्या सम्बन्धी विवरण, उपलब्ध गराइएका सेवा एवम् सहयोगहरु सम्बन्धी विवरण,

(घ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टी गर्ने कागजात

(ङ) व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख।

(२) केन्द्र तथा सुरक्षित आवासबाट प्रदान गरिएको सेवा प्रवाहको अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## समिति गठन, समितिको काम,कर्तव्य र अधिकार

१४. **हिंसा पीडितको अधिकारको संरक्षण र सम्वर्द्धन** : (१) गाउँपालिकाले हिंसा पीडितको संरक्षण तथा निजको अधिकारको संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाउनु पर्नेछ।

(२) हिंसा पीडितको संरक्षण तथा निजको अधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि गाउँपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ।

(३) हिंसा पीडितको संरक्षण तथा निजको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह सञ्चालन, व्यवस्थापन र अनुगमन सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१५. **समिति गठन** : (१) हिंसा पीडितको संरक्षण तथा निजको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि आवश्यक नीतिगत व्यवस्था गर्न, तत्काल राहत र पुनर्स्थापना गर्न, आवश्यकता अनुसार केन्द्र सञ्चालन व्यवस्थापन गर्न तथा यस ऐन बमोजिमको कोषको सञ्चालन व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरमा देहाय अनुसारको एक कोष सञ्चालक समिति रहनेछ।

९क० न्यायिक समिति संयोजक - संयोजक

९ख० सामाजिक विकास समितिको संयोजक -सदस्य

९ग० प्रमुख प्रशासकीय अधिकृत - सदस्य

९घ० स्वास्थ्य शाखा प्रमुख - सदस्य

९ङ० गाउँ प्रहरी प्रमुख - सदस्य

९च० लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.स.मध्येबाट न्यायिक समितिले तोकेको महिला प्रतिनिधि १ जना - सदस्य

९छ० गाउँपालिकामा रहेको प्रहरी कार्यालयको महिला प्रतिनिधि - सदस्य

९ज० एकद्वार संकट व्यवस्थापन केन्द्रको महिला प्रतिनिधि - सदस्य

९झ० महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

९ञ० प्राशासन शाखा प्रमुख -सदस्य

९ट० कानुन वा न्यायिक शाखा हेर्न तोकिएको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले गाउँपालिकाले सञ्चालन गर्ने पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृहको व्यवस्थापन समितिको समेत कार्य गर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यको पदावधि चार बर्षको हुनेछ।

१६. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको नियमित बैठक बस्ने सूचना र बैठकमा पेस गर्ने विषयवस्तु सो बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सवै सदस्यहरूलाई जानकारी दिनु पर्नेछ।

तर, आकस्मिक बैठकको सम्बन्धमा आवश्यकता अनुसार बैठक बोलाउन र बस्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

(५) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकमा आवश्यकतानुसार विषयगत क्षेत्र, निकाय, संस्थाका पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) संयोजक र सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता गाउँ कार्यपालिका सदस्यले पाउने बैठक भत्ता सरह हुनेछ।

(८) समितिको बैठक दुई महिनामा एक पटक बस्नेछ, एक बैठक र अर्को बैठक बिचको अवधि तीन महिना भन्दा बढी हुने छैन।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ,-

९क० पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने,

९ख० राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने,

९ग० लैगिंक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

९घ० स्थानीय स्तरमा लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

९ङ० स्थानीय स्तरमा लैगिंक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने,

९च० गाउँ क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

९छ० कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने,

९ज० लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने,

९झ० पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृह सेवा सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्था गर्नका लागि संयोजन तथा नेतृत्व गर्ने,

९ञ० पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृह सेवा सञ्चालनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी निर्णयार्थ सभामा प्रस्तुत,

९ट० पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृह सेवा सञ्चालनका लागि स्रोत जुटाउन पहल गर्ने,

९ठ० पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृह सेवा सञ्चालनको नियमित रेखदेख तथा अनुगमन गरी आवश्यक सल्लाह तथा सुझावहरु दिने,

९ड० पुनर्स्थापना केन्द्र सुरक्षित आवास गृह सञ्चालनमा आएका समस्याहरुको व्यवस्थापनका लागि आवश्यक पहल एवं सहयोग गर्ने,

९ढ० कार्ययोजना बनाइ कार्यान्वयन गराउने,

९ण० नियमित रुपमा बैठक बसी पुनर्स्थापना केन्द्र र सुरक्षित आवासको समीक्षा गरी आवश्यक कार्ययोजना बनाइ कार्यान्वयन गराउने,

९त० पुनर्स्थापना केन्द्र र सुरक्षित आवास गृहमा आएका सेवाग्राहीहरुको सामाजिक पुनः एकीकरणका लागि आवश्यक सहजीकरण गर्ने,

९थ० सुरक्षित आवास गृहमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने,

९द० समितिको बैठक सम्बन्धी कार्यविधि बनाउने,

९ध० गाउँसभामा सुरक्षित आवासको प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना तयार गरी प्रस्तुत गर्ने।

(२) समितिले यस ऐन बमोजिम गरिनु पर्ने कार्यहरुको सम्बन्धमा अवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गर्न सक्ने छ।

(३) उपदफा (२) बमोजिम छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल हुनेगरी कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलका साथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी पठाएकोमा सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ।

(५) समितिले छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्ने छ।

(६) समितिले गरेको काम कारबाहीको त्रैमासिक प्रतिवेदन कार्यपालिकामा पेस गरी छलफल गरिनेछ।

१८. **अनुगमन टोलीको गठन** : (१) हिंसा पीडितको संरक्षण तथा निजको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृहसञ्चालन, व्यवस्थापनको नियमित अनुगमनका लागि गाउँ कार्यपालिकाले देहाय बमोजिमको अनुगमन टोलीको गठन गर्न सक्नेछ;-

(क) गाउँपालिकाको कानून तथा न्यायिक समिति हेर्ने शाखाको प्रमुख -संयोजक

(ख) गाउँपालिकाको महिला तथा बालबालिका शाखाको प्रमुख -सदस्य

(ग) सम्बन्धित वडा समितिले तोकेको कर्मचारी वा प्रतिनिधि -सदस्य

(घ) स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) गाउँ प्रहरीको प्रतिनिधि एक जना महिला सहित दुई जना -सदस्य

(च) समितिले मनोनयन गरेको गाउँपालिकामा सन्चालित पुनस्थापना केन्द्र मध्येबाट एकजना महिला सहित दुई जना -सदस्य

(छ) उद्योग वाणिज्य वा व्यापार सङ्घ सङ्गठनका प्रतिनिधि एक जना - सदस्य

(ज) पत्रकार महासङ्घका प्रतिनिधि एक जना -सदस्य

(झ) समितिले मनोनयन गरेको सम्बन्धित क्षेत्रको विषयगत कार्यालयका प्रतिनिधि एक जना -सदस्य

बमोजिमको (१) उपदफा (२) अनुगमन टोलीमा सम्बन्धित वडाले तोकेको वडा सदस्य आमन्त्रित सदस्यको रुपमा रहनेछ।

अनुगमन टोलीमा क (३)म्तीमा ५ जना प्रतिनिधि (पाँच)संलग्न भइ अनुगमन सम्बन्धी कार्य गरिनेछ।

(४बमोजिम गठित (१) उपदफा ( अनुगमन टोलीको काम कर्तब्य र अधिकार निरीक्षण अधिकृतको सरह हुनेछ।

(५) अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(६अनुगमन टोलीको बैठक तथा सेवा सर्त र सुविधा तथा अनुगमन गरेको दिनको भत्ता सम्बन्धी ( व्यवस्थागाउँपालिकाको विनियोजन ऐनमा तोकिए बमोजिम हुनेछ।

१९. **निरीक्षण अधिकृत** : (१) गाउँपालिकाले प्रचलित कानून वा यस ऐनको अधिनमा रही लैङ्गिक हिंसा निवारण अनुगमन, अनुसन्धान, तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ।

निरीक्षण अधिकृतको नियुक्ति गर्दा देहायको योग्यता पुगेको (२)व्यक्तिलाई नियुक्ति गर्नु पर्नेछ:

(क) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र गाउँपालिकाको स्थानीय सेवामा कम्तीमा छैटौँ तहको पदमा कार्यरत रहेको,

तर कुनै विषयको विशेष ज्ञान आवश्यक पर्ने भएमा त्यस्तो विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति हुनु पर्नेछ।

(ख) लैङ्गिक हिंसा न्यूनीकरण वा समावेशिता वा लैङ्गिक तथा सामाजिक समावेशीकरण बिषय वा कानून न्याय वा अपराध अनुसन्धान सम्बन्धी विषयमा मान्यता प्राप्त संस्थाबाट आधारभूत तहको तालिम लिएको।

(ग) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

)३ (समितिले उपदफा )२बमोजिमको योग्यता पुगेको अधिकृत कर्मचारीलाई प्रचलित नेपाल कानून ( बमोजिमलैङ्गिक हिंसा पुनस्थापना केन्द्र वा आवास गृह नियमन, अनुगमन, नियन्त्रण, निरीक्षण, जाँचबुझ गर्नका लागि निरीक्षण अधिकृतमा नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

२०. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) गाउँपालिका आफैले वा साझेदार संघ संस्थाको सहयोगमा स्थापना र संचालन गरेको पुनर्स्थापना केन्द्र वा सुरक्षित आवासको व्यवस्थापन यस ऐन बमोजिम भए नभएको अनुगमन गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र स्थापना, सञ्चालन र व्यवस्थापन गरिएको पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह गाउँपालिकामा सुचिकृत भए नभएको अनुगमन गर्ने,

(ग) सेवाग्राहिले के कति दिन सम्म केन्द्रबाट सेवा लिएको भन्ने बिषय,

(घ) यस ऐन बमोजिम तोकि

(ङ) एका लाभग्राही भन्दा अन्यले सेवा लिए पाएको अवस्था रहे नरहेको,

(च) दफा ५ विपरितका सेवा ग्राहिले सेवा लिए वा पाए नपाएको,

(छ) दफा ६ बमोजिमका सेवाग्राहीलेलाई सेवा अप्राप्तिमा कुनै कठिनाई रहे नरहेको

(ज) दफा ७ विपरितका लाभाग्राहिले सेवा लिए नलिएको,

(झ) दफा ८ बमोजिम न्यूनतम पूर्वाधार पुरा गरे नगरेको,

(ञ) दफा ९ बमोजिम केन्द्र वा सुरक्षित आवास गृहमा खाना व्यवस्था गरे नगरेको,

(ट) दफा १० बमोजिम केन्द्र वा सुरक्षित आवास गृहमा उपलब्ध गराउनु पर्ने अन्य सामग्रीको व्यवस्था गरे नगरेको,

(ठ) दफा ११ बमोजिम केन्द्र वा सुरक्षित आवास गृहका लागि न्युनतम मानव स्रोतको व्यवस्था गरे नगरेको,

(ड) दफा १२ बमोजिम सेवा सञ्चालन आचारसंहिता बनाइ कार्यान्वयन गरे नगरेको,

(ढ) दफा १३ बमोजिम सेवा प्रवाहको यथार्थ अभिलेख राखे नराखेको,

(ण) यस ऐन वा प्रचलित कानून विपरीत हुनेगरी पुनस्थापना केन्द्र वा आवास गृह सञ्चालन गरे गराएको पाइएमा त्यस्तो पुनस्थापना केन्द्र वा आवास गृह सिलबन्दी गर्ने,

(त) अनुगमनको क्रममा पुनस्थापना केन्द्र वा आवास गृहमा अनुमति लिएर वा नलिई प्रवेश गर्ने,

(थ) पुनर्स्थापना केन्द्र वा आवास गृह संचालन गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(द) निरिक्षण वा जाँचबुझको सिलसिलामा पुनस्थापना केन्द्र वा आवास गृह सञ्चालकलाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने ,

(ध) तोकिए बमोजिम अन्य कार्य गर्ने।

२१. **शाखा वा इकाई रहने** : (१) गाउँ कार्यपालिकाको सङ्गठन संरचनामा महिला बालबालिकाको विषय हेर्ने शाखा वा इकाई रहनेछ।

बमोजिमको शाखा वा इका (१) उपदफा (२)ईको व्यवस्था नभए सम्मको लागि हाल रहेका शाखाहरू मध्ये महिला बालबालिकाको विषय हेर्न कुनै शाखा वा इकाईको कार्य विवरणमा महिला बालबालिकाको कार्य विवरण थप गरी कार्य सम्पादन गर्न वाधा पुग्ने छैन।

२२. **लिखित कार्य विवरण तोक्ने** : (१) गाउँपालिकाले केन्द्र वा सुरक्षित आवास गृहको अनुगमन, व्यवस्थापन र नियमनका लागि कुनै शाखा वा इकाई वा डेस्कलाई लिखित कार्य विवरण तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य विवरण रहेको शाखा वा इकाई वा डेस्कले यस ऐन र प्रचलित कानून बमोजिमको आधारमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्तालाइ अनुगमन सम्बन्धी कार्यमा प्रशासनिक सहयोग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्य विवरण रहेको शाखा वा इकाई वा डेस्कले मासिक रुपमा तोकिएको ढाँचामा अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ।

२३. **शिक्षा र सचेतना** : (१) गाउँपालिका वा समितिले गाउँपालिका क्षेत्रभित्रका शैक्षिक संस्था वा समुदायमा लैङ्गिक हिंसा न्यूनीकरण शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ।

(२)गाउँपालिका वा समितिले सामुदायिक संस्था र विद्यालयसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरी नागरिक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३)गाउँपालिका वा समितिले स्थानीय रुपमा रहेका टोलविकास संस्था, सामुदायिक वा नागरिक समाजका सङ्घ संस्थालाई सामाजिक उत्तरदायित्व बहन गराई नागरिक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४)गाउँपालिका वा समितिले स्थानीय तहभित्र रहेका सञ्चार माध्यम मार्फत वा अन्य कुनै कार्यक्रम, गोष्ठी मार्फत नागरिक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५)गाउँपालिका वा समितिले नागरिक शिक्षा तथा सचेतना सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

यो ऐन र प्रचलित कानून बमोजिम (६)गाउँपालिकाले नागरिक अधिकार लगायत ,नागरिक संरक्षण तथा नागरिकका काम, कर्तव्य र अधिकार सम्बन्धमा नागरिक सचेतना अभिवृद्धि कार्यक्रम आवश्यक योजना तथा कार्य योजना बनाइ कार्यान्वयन गर्नेछ।

२४. **समितिको कार्यक्रम तथा बजेट** : (१) गाउँपालिकाले केन्द्र वा सुरक्षित आवास गृह तथा लैङ्गिक हिंसा निवारण कोषको लागि एवम् नागरिक शिक्षा तथा सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट केन्द्र वा सुरक्षित आवास गृह तथा लैङ्गिक हिंसा निवारण कोषको लागि एवम् नागरिक शिक्षा तथा सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(३) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी केन्द्र वा सुरक्षित आवास गृह तथा लैङ्गिक हिंसा निवारण कोष तथा अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्न सक्नेछ।

(४) नेपाल सरकारबाट लैङ्गिक हिंसा निवारण कोष तथा पुनर्स्थापना केन्द्र व्यवस्थापन वा अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(५) कार्यक्रम र बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन

२५. **कोषको स्थापना** : (१) लैङ्गिक हिंसा निवारण तथा पुनर्स्थापनाको कार्य गर्नका लागि गाउँपालिकामा लैङ्गिक हिंसा निवारण तथा पुनर्स्थापना कोष नामको एक कोष स्थापना गरिने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्,-

९क० नेपाल सरकारबाट प्राप्त रकम,

९ख० प्रदेश सरकारबाट प्राप्त रकम,

९ग० गाउँपालिकाले कोष परिचालनका लागि छुट्ट्याएको रकम,

९घ० विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

९ङ० स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

९च० अन्य कुनै स्रोतबाट कोषमा प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त हुने रकम गाउँपालिकाले कुनै 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

२६। **कोषमा रकम उपलब्ध गराउने : (१)** पीडितलाई राहत, आर्थिक सहयोग उपलब्ध गराउन तथा पुनरस्थापना केन्द्र वा सुरक्षित आवास गृहका लागि गाउँपालिकाले कोषको नाममा वार्षिक रूपमा रकम निकासा गरी दिनेछ।

२७. **कोषमा रकम जम्मा गर्ने** : (१) महिला हक हितको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा खर्च गर्ने कुल रकममा गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकम कोषमा जम्मा गर्न सक्नेछ।

२८. **कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:

९क० पीडितलाई तत्काल उद्धार गर्न,

९ख० पीडितलाई औषधि उपचार गर्न,

९ग० राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

९घ० कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदान (बीउ पुजी) को रुपमा प्रदान गरी स्वरोजगार तथा आत्मनिर्भर बन्न प्रेरित गर्न,

९च० पीडितलाई पुनर्स्थापना गराउन,

९छ० लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिइ अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन अदालतबाट लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,

९ज० लैङ्गिक हिंसा पीडित तथा प्रभावित महिला, बालिका तथा किशोरीका लागि आपतकालिन पर्याप्त सुरक्षित र संरक्षित वातावरणमा आवासीय हेरचाह सुविधा प्रदान गर्न,

(झ) पीडितहरुलाई शारीरिक तथा मानसिक उपचार गराउन, कानूनी सहायता, मनोसामाजिक विमर्श मार्फत सामान्य जीवनमा फर्कन सहयोग प्रदान गर्न,

(ञ) पीडितहरुलाई आवश्यकता अनुसार शिक्षा, सीप विकास, व्यवसायिक तालिम तथा क्षमता अभिवृद्धि गर्न,

(ट) पीडितको क्षमता विकास गरी परिवार तथा समाजमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन,

(ठ) पीडितलाई पुनःपीडित हुनबाट जोगाई अधिकतम मात्रामा पुनर्लाभको स्थितिमा ल्याइ उनीहरुको लागि दिगो र स्थायी अवसर सिर्जना गर्न,

(ड) पीडितहरुको व्यक्तिगत रुपमा उनीहरुको घटनाहरुका सम्बन्धमा योजना बनाइ गुणस्तरीय संरक्षण र सहायता प्रदान गर्न,

(ढ) पीडितका लागि तालिम प्राप्त जनशक्तिको सहयोगात्मक र समन्वयात्मक तरिकाबाट लैङ्गिक संवेदनशिलता अपनाइ बहुपक्षीय संरक्षण सेवा उपलब्ध गराउन,

(ण) पीडकलाई कानूनी सजाय दिलाउन पीडितहरुलाई सहयोग गर्न,

(त) सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउन नसकिने खालका हिंसा पीडितहरुलाई क्षमता अनुसार व्यवसायिक तालिम प्रदान गरी बीउपुँजी समेत उपलब्ध गराइ आत्मनिर्भरको लागि सक्षम बनाउन,

(थ) पुनर्स्थापना केन्द्र वा सुरक्षित आवास गृह निर्माण, स्थापना, सञ्चालन र व्यवस्थापन गर्न,

९द० पीडितको सहायताका लागि तोकिए बमोजिमको अन्य कार्य गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भइ लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको उपयोगको लागि कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(४) कोषको उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : कोषको रकम दफा २८ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

३०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस ऐन बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ:

९क० पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दरले बढीमा दश हजार रुपैयाँ,

९ख० पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) संग समन्वय गरी अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दश हजार रुपैया र लागेको यथार्थ उपचार खर्च,

९ग० पीडितसँग आश्रित बालबालिका भए बालबालिकाको लागि खण्ड (ख) बमोजिमको दरमा खाना खर्च मात्र उपलब्ध गराउन सकिनेछ,

९घ० कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

९ङ० कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

९च० पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

९छ० सञ्चालक समितिले तोके वमोजिमको अन्य कामको लागि प्रकृति हेरी वढीमा दश हजार रुपैया सम्म दिन सकिनेछ।

(२) उपदफा बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले (१) कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाईबढीमा थप पन्ध्र हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

(४) यस दफा बमोजिम राहत तथा आर्थिक सहयोगले पीडितलाई तत्काल उद्दार, स्वास्थ्य उपचार तथा पुनर्स्थापनाका लागि नपुग हुने भई समितिले थप रकमका लागि गाउँपालिकामा अनुरोध गरेमा गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही त्यस्तो पीडितलाई आवश्यक थप सहयोग गर्न सक्नेछ ।

(५) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस ऐन बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले यस ऐनको अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

३२. **तत्काल रकम उपलब्ध गराउन सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्दार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट पच्चीस हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

३३. **थप रकम निकासा माग गर्न सक्ने** : (१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई गाउँपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भइ आएमा गाउँपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाइ समितिले थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

३४. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा र लेखा परीक्षण प्रचलित कानून बमोजिम गाउँपालिका लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण प्रक्रिया गाउँपालिकाको लेखा परिक्षण प्रक्रिया अनुसार नै महालेखा परीक्षकबाट हुनेछ ।

३५. **कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहने** : (१) यस ऐन बमोजिम स्थापना भएको कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

(२) कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

## परिच्छेद -५

## कसुर र सजाय

३६. **कसुर गरेको मानिने** : (१) ) कसैले पनि यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ४ को उपदफा (१), र (२) विपरीत दर्ता वा अनुमति नलिइ वा तोकिएको सर्तको पालना नगरी केन्द्र वा आवास गृह सञ्चालन गरे गराएमा ।

(३) दफा ५ को उपदफा (१) र (३) विपरीत तोकिएको अवधि भन्दा बढी अवधिसम्म सेवा उपलब्ध गराएमा।

(४) दफा ६ को उपदफा (१) र (२) विपरीतका व्यक्तिलाई सेवा उपलब्ध गराएमा।

(५) दफा ७ विपरीत हुनेगरी सेवा प्रदान गरे गराएमा।

(६) दफा ८ को उपदफा (१) र (२) बमोजिम न्यूनतम पूर्वाधार बिना नै केन्द्र वा आवास गृह सञ्चालन गरे गराएमा।

(७) दफा ९ को उपदफा (१), (२) र (३) विपरीतको कार्य गरे गराएमा।

(८) दफा १० को उपदफा (१), (२) र (३) विपरीत तोकिए बमोजिमका सामग्री उपलब्ध नगराएमा।

(९) दफा ११ को उपदफा (१), (२) र (३) विपरीत न्यूनतम मानव स्रोत व्यवस्थापन नगरे नगराएमा।

(१०) दफा १२ को उपदफा (१) र (२) विपरीत आचार संहिताको पालना नगरे नगराएमा।

(११) दफा १३ को उपदफा (१) र (२) विपरीत अभिलेख राख्ने कार्य नगरे नगराएमा।

३७. **जरिवाना सम्बन्धी व्यवस्था** : (१) कसैले दफा ३६ अन्तर्गतको कसुर गरे गराएमा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृतले कसुरको मात्र हेरी यस दफा बमोजिमको जरिवाना गर्नेछ।

(२) दफा ३६ को उपदफा (२) बमोजिम कार्य गरे गराएकोमा त्यस्तो केन्द्र वा आवास गृह दर्ता वा सूचिकृत गर्दा लाग्ने दस्तुर र प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुर बराबरको थप रकम जरिवाना हुनेछ।

(३) दफा ३६ को उपदफा (३) बमोजिम तोकिएको अवधि भन्दा बढी अवधिसम्म सेवा उपलब्ध गराएमा त्यसरी सेवा उपलब्ध गराउदा लागेको खर्च असुल उपर गरी सो बराबर जरिवाना गरी तत्काल सेवा रोक्का गरिनेछ।

(४) ) दफा ६ को उपदफा (१) र (२) विपरीतका व्यक्तिलाई सेवा उपलब्ध गराएमा त्यसरी सेवा उपलब्ध गराउदा लागेको खर्च सेवा उपलब्ध गराउने सम्बन्धित व्यक्तिबाट असुल उपर गरी सो बराबर जरिवाना गरी तत्काल सेवा रोक्का गरिनेछ।

(५) दफा ७ बमोजिमका व्यक्तिलाई सेवा उपलब्ध गराएमा त्यसरी सेवा उपलब्ध गराउदा लागेको खर्च सेवा उपलब्ध गराउने सम्बन्धित व्यक्तिबाट असुल उपर गरी सो बराबर जरिवाना गरी तत्काल सेवा रोक्का गरिनेछ र त्यस्ता व्यक्तिलाई सेवा उपलब्ध गराउदा कुनै क्षति पुगेको रहेछ भने त्यस्तो क्षतिको दोब्बर जरिवाना हुनेछ ।

(६) दफा ८ को उपदफा (१) र (२) बमोजिम न्यूनतम पूर्वाधारबिना नै केन्द्र वा आवास गृह संचालन गरे गराएमा १५ दिन भित्र ऐन बमोजिमको पुर्वाधार व्यवस्था गर्न निर्देशन दिनु पर्नेछ यसरी दिईएको निर्देशन पालना नगरेमा रुपैयाँ पच्चीस हजार देखि एक लाख रुपैयाँ सम्म जरिवाना हुनेछ।

(७) दफा ९ को उपदफा (१), (२) र (३) विपरीत तोकिए बमोजिमको खानाको व्यबस्था नगरे नगराएमा पहिलो पटकका लागि रुपैयाँ दश हजार र त्यस पछि पनि त्यस्तो कार्य दोहोर्याएमा प्रत्येक पटकका लागि पटकै पिच्छे थप बीस हजार रुपैयाँ जरिवाना हुनेछ।

(८) दफा १० को उपदफा (१), (२) र (३) विपरीत तोकिए बमोजिमका सामग्री उपलब्ध नगराएमा दश हजार रुपैयाँ जरिवाना हुनेछ।

(९) दफा ११ को उपदफा (१), (२) र (३) विपरीत न्यूनतम मानव स्रोत व्यवस्थापन नगरे नगराएमा पाँच हजार रुपैयाँ जरिवाना हुनेछ।

(१०) दफा १२ को उपदफा (१) र (२) विपरीत आचार संहिताको पालना नगरे नगराएमा पच्चीस हजार देखि रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(११) दफा १३ को उपदफा (१) र (२) विपरीत अभिलेख राख्ने कार्य नगरे नगराएमा पाँच हजार रुपैयाँ जरिवाना हुनेछ।

(१२) यस ऐन बमोजिमको कसुर पटक पटक गरेको पहिलो पटकको लागि हुने जरिवाना रकम प्रत्येक पटकका लागि थप गरी जरिवाना गरिनेछ।

(१३) यस ऐन बमोजिमको कसुर तीन पटक भन्दा बढी पटक गरे गराएमा व्यक्ति भए सेवाबाट निस्काशन गरिने छ र संस्था भए त्यस्तो संस्था बन्द गरिनेछ।

(१४) यस ऐन बमोजिम भएको जरिवाना सरकारी बाँकी सरह असुल उपल गरिनेछ।

३८। **तत्काल जरिवाना गर्ने** : (१) समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले कसुरको मात्रा र गम्भीरता हेरी यस ऐन बमोजिम हुने जरिवाना तत्काल गराउन सक्नेछ।

(२)) उपदफा (१) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने नबुझाउने व्यक्ति वा संस्था विरुद्ध निरीक्षण अधिकृतले देहायको बमोजिम गर्न सक्नेछ:

९क० जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो सेवाको कारोबार हुन नसक्ने गरी सिलबन्दी गरेर राख्न,

९ख० जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको सबै कार्य रोक्का राख्न।

(३) उपदफा (१) र (२) बमोजिम तत्काल जरिवाना वा कारोवार रोक्का गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता गरिने छैन।

३९। **तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि** : (१) अनुगमन गर्दा दफा ३८ बमोजिम तत्काल जरिवाना गर्नुपरेमा न्यायिक समितले प्रयोग गर्ने आदेश पर्चाको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ।

(२)) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृतले सम्वन्धित व्यक्ति वा संस्थाले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट लाभग्राहीमा पर्न सक्ने प्रतिकुल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृतले जरिवानाको आदेश दिदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित व्यक्ति वा संस्थाले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले प्रहरीको सहयोगमा त्यस्तो जरीवानाको आदेश बुझाउन सक्नेछ ।

(५) समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले आफूले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

४०। **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन बमोजिम कसुर गरेकोमा उक्त कसुर प्रचलित अन्य कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनको प्रावधानले बाधा पुर्याएको मानिने छैन।

४१। **उजुरी दिन सक्ने** : (१) यस ऐन वा प्रचलित कानून विपरीत कुनै व्यक्ति वा संस्थाले कुनै कसुर गरे गराएमा जो कोही नेपाली नागरिकले गाउँपालिका वा कार्यालय, समिति, वडा समिति, अनुगमन टोली, निरीक्षण अधिकृत वा कार्यालयको महिला बालबालिका बिषय हेर्ने शाखा वा इकाई वा डेस्कमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा व्यक्ति वा संस्थाले यस ऐनको विपरीतको कार्य गरे गराएको पाइएमा तत्काल कारबाही चलाइनेछ ।

४२। **सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्ने** : (१) यस ऐन बमोजिम अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानविन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

४३। **जरिवाना रकमबाट कोषमा रकम जम्मा गर्नु पर्ने** : (१) यस ऐन बमोजिम भएको जरिवानाबाट प्राप्त हुने रकमको पचास प्रतिशत रकम यसै ऐन बमोजिमको कोषमा जम्मा गरि बाकी रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद -६
## विविध

४४। **प्रतिवेदन** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम भएको अनुगमनको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित शाखाले तोकिए बमोजिमको ढाँचामा तयार गरी गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी वा सजाय गरी सकेपछि समिति वा अनुगमन टोलीले काम सकिएको मितिले तीन दिनभित्र तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष लिखित प्रतिवेदन पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिने प्रतिवेदनमा देहायका कुराहरू खुलाइएको हुनु पर्नेछ,-

९क० निरीक्षण जाँचबुझ वा खानतलासी गर्नु परेको स्थान, कारण र मिति,

९ख० त्यस्तो ठाउँमा प्रदान गरिने सेवा र सो सँग सम्बन्धित अन्य विवरण,

९ग० केन्द्र वा सुरक्षित आवास गृह शिल गर्नु परेकोमा त्यसरी शिल गर्नु परेको कारण र मिति,

९घ० त्यस्तो निरीक्षण जाँचबुझ र खानतलासी पछि सो सम्बन्धमा गर्नु पर्ने बाँकी काम कारबाहीको विवरण,

९ङ० सजाय गरेको विवरण,

९च० तोकिए बमोजिमका अन्य विवरण।

(४) यस ऐन तथा प्रचलित कानून बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरी सकेपछि निरीक्षण अधिकृतले सात दिन भित्र देहायका कुराहरू खुलाई कार्यालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ:

९क० निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्नाको कारण,

९ख० निरीक्षण, जाँचबुझ वा खानतलासी गरिएको वस्तु वा सेवासँग सम्बन्धित विवरण,

९ग० केन्द्र वा सुरक्षित आवास गृहले प्रदान गर्नु पर्ने सेवा प्रवाहको अवस्था र त्यस्तो सेवा प्रवाह रोक्का गर्नु परेकोमा त्यसरी रोक्का गर्नु परेको कारण र सोसँग सम्बन्धित विवरण,

९घ० तत्काल जरिवाना गरिएकोमा त्यसरी जरिवाना गर्नु पर्नाको कारण र जरिवानाको रकम,

९ङ० निरीक्षण, जाँचबुझ वा खानतलासी पछि सो सम्बन्धमा गर्नुपर्ने बाँकी काम, कारबाहीको विवरण,

९च० निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा सम्पन्न गर्नुपर्ने तर सम्पन्न गर्न नसकिएका कुनै कुरा भए सो को विवरण।

४५। **प्रतिवेदन कार्यान्वयन** : (१) दफा ४४ बमोजिम प्राप्त प्रतिवेदनबाट सो सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने वा कुनै विवरण वा थप जानकारी लिनुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित निरीक्षण अधिकृतलाई निश्चित अवधि तोकी थप अनुसन्धान गर्नुपर्ने विषय, जानकारी वा विवरण माग्नु पर्ने विषय समेत खुलाइ पुनःअनुसन्धान गर्न वा त्यस्तो विवरण पेस गर्न लगाउन सक्नेछ।

(२) दफा ४४ बमोजिमको प्रतिवेदनबाट कुनै विषयमा अर्को निकायबाट आवश्यक व्यवस्था वा कारबाही हुनुपर्ने भनी सिफारिस भएकोमा त्यस्तो सिफारिसको कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतले सो प्रतिवेदनको एक प्रति सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अन्य निकायमा कार्यान्वयनको लागि प्रतिवेदन पठाएकोमा त्यसको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतले समय समयमा सम्बन्धित निकायबाट आवश्यक जानकारी लिई प्राप्त विवरण गाउँपालिकाको वार्षिक प्रतिवेदन वा वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(५) यस ऐन बमोजिम प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

४६। **समन्वय र साझेदारी गर्न सक्ने** : (१) गाउँपालिकाले केन्द्र वा सुरक्षित आवास व्यवस्थापन, अनुगमन तथा नागरिक सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, नागरिक हित संरक्षण मञ्चसँग सम्बन्धित सङ्घसंस्था लगायत निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४७। **सहयोग लिन सक्ने** : (१) समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले अनुगमनका क्रममा आवश्यकता अनुसार स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले अनुगमनका क्रममा सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

४८. **असल नियतले गरेको कामको बचाउ** : (१) यस ऐन बमोजिम अनुगमन गर्दा असल नियतले गरेको कामको सम्बन्धमा समितिका सदस्य वा अनुगमन टोली वा निरीक्षण अधिकृत उपर कुनै कारबाही हुने छैन।

(२) यस ऐन बमोजिम समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले गरेको काम कारबाही सम्बन्धमा कुनै अदालतमा मुद्दा परी सो को प्रतिरक्षा गर्नु पर्ने भएमा समितिका सदस्य वा अनुगमन टोली वा निरीक्षण अधिकृतको तर्फबाट गाउँपालिकाले प्रतिरक्षा गर्नेछ।

४९. **आदेश जारी गर्न सक्ने** : (१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले यो ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेशको पालना गर्नु सम्बन्धित सबै सरोकारवालाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम जारी भएको आदेश उक्त आदेश जारी भए पश्चात तत्काल पछि बस्ने सभामा अनुमोदनका लागि पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएकोमा सभाले गरेको निर्णय अनुसार हुनेछ।

५०। **ऐन कार्यान्वयन मापन गरिने** : (१) यस ऐनको कार्यान्वयन प्रभावकारीता मापन समितिले प्रत्येक तीन तीन बर्षमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मापनको प्रतिवेदन समितिले कार्यपालिका मार्फत सभा समक्ष पेश गर्नु पर्नेछ।

५१। **बैठक भत्ता पाउने** : समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

५२। **पुनरावेदन** : (१) यस ऐन बमोजिम अनुगमन टोली वा निरीक्षण अधिकृतले गरेको काम कारबाही वा निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा फर्मले त्यस्तो काम कारबाही वा निर्णय भएको मितिले १५ दिनभित्र समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति समक्ष पर्न आएको उजुरी सम्बन्धमा यस ऐन बमोजिम समितिले गरेको कारबाही र निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा फर्मले त्यस्तो काम कारबाही वा निर्णय भएको मितिले १५ दिनभित्र अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष समक्ष पर्न आएको उजुरी सम्बन्धमा अध्यक्षबाट भएको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले ३५ दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(४) यस ऐन बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता हुने छैन।

५३। **नियम बनाउन सक्ने** : कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

५४। **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने** : कार्यपालिकाले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

५५। **बचाउ** : (१) यस अघि लैङ्गिक हिंसा निवारण, कोष, केन्द्र र सुरक्षित आवास सम्बन्धमा भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।